## मिति २०७९/०८/०६ गते सम्पन्न आ.व.२०७९/०८० को चौथो नगर कार्यपालिकाको बैठकका निर्णयहरु:

**निर्णय नं. १** मिति २०७९।०६।१३ मा सम्पन्न आ.व. ०७९।८० को तेस्रो कार्यपालिका बैठकको निर्णयानुसार लागत सहभागिताको योजना कार्यान्वयनको लागि प्राप्त तपशिल बमोजिमका ६ वटा योजनाहरु तेस्रो कार्यपालिका बैठकको निर्णयका शर्तहरुका आधारमा लागत अनुमान तयार गरी ३० दिन भित्र उपभोक्ताको हिस्सा स्थानीय संचित कोषमा दाखिला गर्न लगाई कार्यान्वयनको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**तपशिल:**

१. वडा नं. १ को मौलाकालिका मार्गको स्वागत गेट देखि पश्चिम आधारभुत स्वास्थ्य केन्द्र जाने बाटो कालो पत्रे।

२. वडा नं. ९ को सत्संग साधना सदनको प्रवेशद्वार देखि दक्षिण तर्फ जयश्री फुड्श प्रा.लि. हुदै जयश्री खोलासम्मको बाटो कालो पत्रे।

३. वडा नं. ८ को गौरीशंकर हरिहर मार्ग कालो पत्रे।

४. वडा नं. २ को शान्तिनगर टोल विकास अन्तर्गत शान्ति मार्गको भृकुटी चोक देखि प्रतिभाचोक सम्मको बाटो स्तरोन्नति ।

५. वडा नं. १३ को उत्तम टोल स्थित सूर्य मार्गको बाटो स्तरोन्नति ।

६. वडा नं. १३ को उत्तम टोल स्थित कैलाश आश्रम दर्शनको शाखा बाटो बुद्धमार्ग स्तरोन्नति ।

७. वडा नं. ५ को पारिजात टोल विकास संस्था अन्तर्गत रहेको कैलाश मार्गलाई कालो पत्रे।

**निर्णय नं. २** हरिवोधनी एकादशी पर्वको अवसरमा नगर प्रमुखस्तरीय निर्णयका आधारमा मिति २०७९।०७।१८ गतेका लागि दिईएको स्थानीय विदा अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३** गण्डकी प्रदेशबाट मिति २०७९।०७।१७ मा प्रकाशित सूचना बमोजिम नगरप्रमुख स्तरीय निर्णयका आधारमा गण्डकी प्रदेशको नवप्रवर्तन साझेदारी कोष अन्तरगत कार्यान्वयन हुने गरी पेश गरिएको **"मानव वन्यजन्तु सम्बन्ध व्यवस्थापन तथा पर्यटन प्रबर्द्धन कार्यक्रम"** को अवधारणा पत्र समर्थन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४** निर्णय नं. ३ बमोजिमको परियोजनाको प्रभावकारी कार्यान्वयनको लागि नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका,२०७८ को दफा १६ बमोजिमको कार्यक्रम कार्यान्वयन समिति देहाय बमोजिम गठन गर्ने निर्णय गरियो।

| | | |
|---|---|---|
| १. | श्री शान्ति कोईराला, नगर उपप्रमुख | संयोजक |
| २. | श्री मधुकर मल्ल, वडा अध्यक्ष वडा नं.१३ | सदस्य |
| ३. | श्री होमनाथ सापकोटा, वडा अध्यक्ष वडा नं.७ | सदस्य |
| ४. | श्री मुक्तिराम रिजाल, प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ५. | श्री लिलाधर शर्मा, योजना अधिकृत | सदस्य |

**निर्णय नं. ५** वडास्तरीय तथा नगरस्तरीय योजनाको रुपमा विभिन्न वडामा कार्यान्वयन हुने गरी स्वीकृत योजना/कार्यक्रमहरु मा विनियोजित बजेट वडाको आवश्यकता तथा औचित्यको आधारमा वडा समितिको निर्णयानुसार वडा भित्रकै अन्य योजना/कार्यक्रमहरु कार्यान्वयनको लागि सिफारिस भई आएकोमा हालसम्मका सिफारिसहरु कार्यान्वयन गर्न स्वीकृति दिने निर्णय गरियो।

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ति कोइराला
नगर उप-प्रमुख

मदन मल्ल अधिकारी
नगर प्रमुख

**निर्णय नं. ६** आ.व.२०७९/०८० मा स्वीकृत योजनाहरुमा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्दा हालसम्म सम्झौता भई कार्य अगाडी बढेका योजनाहरुमा उपभोक्ता समितिबाट लागत सहभागीता सम्झौता बमोजिम कायम रहने र मिति २०७८।१०।२४ मा सम्पन्न ८३ औं नगर कार्यपालिका बैठकबाट लागत सहभागीता नरहने भनी उल्लेख भएका ४ वटा शिर्षकका योजनाहरु (१. सरकारी भवन २.पूल ३. कल्भट ४. तटबन्धन ) मा बाहेकका योजनाका सम्झौताहरुमा उपभोक्ता समितिको १० प्रतिशत न्यूनतम् लागत सहभागिता अनिवार्य हुनुपर्ने निर्णय गरियो।

**निर्णय नं. ७** कार्यालयको तर्फबाट बाट पेश भए बमोजिम आर्थिक वर्ष २०७९।८० को प्रथम चौमासिक प्रगति समिक्षा गरियो। हालसम्म फरफारकको लागि पेश भएका आयोजना कार्यक्रमहरु फरफारक गरी हाल सम्मको आय व्ययको समर्थन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८** भुमिहिन सुकुम्बासी, भुमिहिन दलित र अव्यवस्थित बसोबासीको विभिन्न वडाबाट प्राप्त तथ्यांङ्क प्रविष्टीको लागि हालको जनशक्तिले अपुग हुने देखी मिति २०७९।०७।१७ देखि थप २ जना डाटा प्रविष्टिकर्ता काममा लगाईएकोमा सो को समर्थन गर्ने र निजहरुलाई सोही मिति देखि नै अन्य डाटा प्रविष्टकर्ताले पाए सरह सहायक चौथोस्तरको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ९** गैंडाकोट नगरपालिका वडा नं. ५ निवासी श्री पुस्कलराज धमाला सार्कोईडोसिस रोगबाट पीडित भई नेपाल तथा भारतका विभिन्न अस्पतालमा उपचार गराउनु पर्ने भएको र निजको आर्थिक अवस्था कमजोर रहेकोले उपचारमा सहयोग स्वरुप नगरप्रमुख स्तरीय निर्णयका आधारमा उपलब्ध गराईएको रु. ५०,०००/- आर्थिक सहायता समर्थन गर्ने निर्णय गरियो।

**निर्णय नं. १०** गैंडकोट नगर भित्र संचालित सम्पूर्ण व्यवसायहरु अनिवार्यरुपमा नगरमा दर्ता गरी संचालन गर्नु पर्ने व्यवस्थालाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र यसको लागि नगर कार्यपालिकाको मिति २०७८।०५।२८ मा बसेको ८० औं बैठकको निर्णय समेतका आधारमा आवश्यकता अनुसार टोली समेत परिचालन गरी सबै व्यवसायहरु दर्ता तथा नवीकरण अभियान संचालन व्यवसाय कर सम्बन्धी संशोधित कार्यविधि,२०७६ बमोजिम गर्ने निर्णय गरियो।

**निर्णय नं. ११** नगरको एउटा महत्वपूर्ण आयोजनाको रुपमा रहेको गैंडाकोट नगर अस्पतालको निर्माण कार्यको प्रगति अन्त्यन्त सुस्त देखिएकोले सोको निर्माण कार्यलाई तीव्रता दिन सम्बन्धित निर्माण कम्पनीलाई २ (दुई) महिनाको समय दिने र उक्त अवधीमा निर्माण कार्यलाई तीब्रता दिई सन्तोषजनक प्रगति हासिल नगरेमा प्रचलित खरिद कानून बमोजिम कारवाही प्रक्रिया अगाडी बढाउने।

**निर्णय नं. १२** लामो समयदेखि नेपाल विद्युत प्राधिकरणबाट यस गैंडाकोट नगरपालिकामा वितरित विद्युत भोल्टेज कम भई सामान्य मेशिनरी औजार समेत नचल्दा दैनिक जीवनयापन अत्यन्त असहज भएको र विभिन्न उद्योग धन्दाहरु समेत संचालनमा कठिनाई पर्नुका साथै बिद्युतको बैकल्पिक व्यवस्था गर्दा उच्च लागत समेत परिरहेको भनी विभिन्न समुदाय, साना, मझौला तथा ठुला उद्योगहरुबाट निरन्तर गुनासो आईरहेकोले तत्काल सो को उचित समाधानको लागि नेपाल विद्युत प्राधिकरणमा अनुरोध गरी पठाउने।

शान्ति कोइराला
नगर उप-प्रमुख

रिजाल
प्रमुख प्रशासकीय अधिकृत

भक्त अधिकारी
प्रमुख

CamScanner

**निर्णय नं. १३** गैंडाकोट नगरपालिकाको "घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५" को प्रक्रिया र मापदण्ड पुरा गरी पेश भएकोले " OB Engineer Pvt.Ltd गैंडाकोट ७ लाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र दिने निर्णय गरियो।

**निर्णय नं. १४** गैंडाकोट नगर अस्पतालको परिसर भित्र तत्कालको लागि एक ट्रमा सेन्टर सञ्चालन गर्न स्थानीय समुदायको माग तथा यस क्षेत्रको आवश्यकता समेतलाई मध्यनजर गर्दै उक्त ट्रमा सेन्टर स्थापना तथा सञ्चालनका लागि DPR तयार गरी आवश्यक प्रक्रिया अगाडी बढाईदिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय काठमाडौंलाई अनुरोध गरी पठाउने निर्णय गरियो।

**निर्णय नं. १५** गैंडाकोट ईलाका प्रहरी कार्यालयले गैंडाकोट नगर क्षेत्र भित्रको शान्ति सुरक्षा लगायतका कार्य गर्न सवारी साधानलाई चुस्त दुरुस्त राख्नको लागि गैंडाकोट नगरपालिका कार्यालयसंग गाडी मर्मतको सहयोग गरिदिनका लागि माग भई आएको र उक्त ईलाका कार्यालयले पेश गरेको गाडी मर्मत वापतको बिल अनुसारको रकम रु. १,५०,०००/- लाई नगरपालिकाको अन्य संस्था सहायता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. १६** गैंडाकोट नगरपालिकाका तपशिल बमोजिमका योजनाहरुलाई नगरपालिकाको आन्तरिक स्रोतबाट खर्च लेख्ने गरी निम्नानुसार रकम विनियोजन गर्ने निर्णय गरियो।

१. वडा नं. ११ स्थित कुमारबर्ती देवीथान मन्दिर परिसर भित्र मोज्याक टायल लगायतका कार्य गर्न रु. १२ लाख
२. वडा नं. ११ स्थित थारु महिला झाम्टा समूहको भवन निर्माणका लागि रु. १० लाख
३. वडा नं. १७ स्थित श्री अमर ज्योति मा.वि.को भवन निर्माणका लागि रु. ५ लाख
४. वडा नं. १५ स्थित श्री सृजनशिल महिला समूहको भवन निर्माणका लागि रु. १० लाख

**निर्णय नं. १७** गण्डकी प्रदेश सरकारवाट मिति २०७९/०६/०७ गते प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवाको (गठन तथा संचालन) र सेवाका शर्त सम्वन्धमा व्यवस्था गर्न वनेको "स्थानीय सेवाको (गठन तथा संचालन) अध्यादेश २०७९" लागू तथा कार्यन्वयन गर्ने तथा उक्त अध्यादेश र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको प.सं./च. नं. २०७९/०८०/४७५ मिति २०७९/०६/२५ गतेको पत्र समेतका आधारमा सो अध्यादेशको दफा ९ को (१), (३) र (४) दफा २८ र दफा ४० बमोजिम मिति २०७९।०७।०२ गते प्रकाशित सूचनामा तोकिएको समय भित्र तोकीए बमोजिमको आवेदन फारम भरेका तपशिल बमोजिमका कर्मचारीलाई सम्बन्धित सेवा, समूह र उपसमूह भित्रको पदमा स्वत: दरबन्दी कायम गरी तह कायम र तह तथा स्तर वृद्धि गर्ने निर्णय गरियो।

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ति कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

तपशिलः-

## स्थानीय सेवाको (गठन तथा संचालन)अध्यादेश २०७९ बमोजिम दरबन्दी कायम हुने तथा तह वृद्धि हुने कर्मचारीहरुको विवरण :-

### १.दफा ९ (१) बमोजिम दरबन्दी सहित तह कायम हुने कर्मचारी

| क्र.सं. | कर्मचारीको नाम थर | विज्ञापन न. | लोक सेवा आयोगवाट सिफारिस मिति | सिफारिस भएको स्थानीय तह | शुरु नियुक्ति मिति | सेवा, समूह, उपसूमह, | शैक्षीक योग्यता | नियुक्तिका बखत कायम भएको दरबन्दी | हाल कायम हुने दरबन्दी तथा पद | निर्णय लागु हुने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | यसोदा शर्मा पौडेल | १३४५५/०७५/०७६ | २०७६/०८/१५ | फ़लेवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय, पर्वत | २०७६/०८/१८ | प्रशासन सेवा, लेखा समुह | स्नातक | प्रशासन सेवा, लेखा समुहको अधिकृतस्तर छैटौं तह आ. ले. प अधिकृत | प्रशासन सेवा, लेखा समुहको अधिकृतस्तर सातौं तह आ. ले. प अधिकृत | स्थानीय सेवाको (गठन तथा संचालन)अध्यादेश २०७९ जारी मिति २०७९/०६/०७ देखी | मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय गण्डकी प्रदेश च. नं. ४७५(२०७९/८०) मिति२०७९/०६/२५ पत्रको तह बृद्धि गर्दा पालना गर्नु पर्ने विषयहरुको बुदाँ८ अनुसार। |
| २ | निरज कुमार क्षेत्री | १२९५१/०७५/०७६ | २०७६/०९/१७ | धार्चे गाउँपालिका गाउँ कायपालिकाको कार्यालय, गोर्खा | २०७६/०९/२१ | ईन्जिनियरिङ्ग सेवा सिभिल समुह | स्नातक | ईन्जिनियरिङ्ग सेवा सिभिल समुह छैटौं तह | ईन्जिनियरिङ्ग सेवा सिभिल समुह सातौं तह | स्थानीय सेवाको (गठन तथा संचालन)अध्यादेश २०७९ जारी मिति २०७९/०६/०७ देखी | मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय गण्डकी प्रदेश च. नं. ४७५(२०७९/८०) मिति२०७९/०६/२५ पत्रको तह बृद्धि गर्दा पालना गर्नु पर्ने विषयहरुको बुदाँ८ अनुसार। |



मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भण्डारी
नगर प्रमुख

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | मन्जिल थपलिया | १२९५२/०७५/०७६ | २०७९/०९/२९ | गैंडाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय | २०७६/१०/०३ | ईन्जिनियरिङ्ग सेवा सिभिल समुह | स्नातक | ईन्जिनियरिङ्ग सेवा सिभिल समुह छैटौं तह | ईन्जिनियरिङ्ग सेवा सिभिल समुह सातौं तह | स्थानीय सेवाको (गठन तथा संचालन) अध्यादेश २०७९ जारी मिति २०७९/०६/०७ देखी | मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय, गण्डकी प्रदेश च. नं. ४७५ (२०७९/८०) मिति२०७९/०६/२५ पत्रको तह वृद्धि गर्दा पालना गर्नु पर्ने विषयहरुको बुदाँ ८ अनुसार। |

## २. दफा ९ (३) बमोजिम दरबन्दी सहित तह कायम हुने कर्मचारी

| क्रम | कर्मचारीको नाम थर | विज्ञापन नं. | पदपूर्ति समितिवाट सिफारिस मिति | सिफारिस भएको स्थानीय तह | शुरु नियुक्ति मिति | सेवा, समूह, उपसूमह, | शैक्षीक योग्यता | नियुक्तिका वखत कायम भएको दरबन्दी | हाल कायम हुने दरबन्दी तथा पद | निर्णय लागु हुने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | लिलाधर शर्मा | ०१/०७२/०७३ | २०७३/०४/३० | गैंडाकोट नगरपालिका | २०७३/०५/०५ | स्थानीय सेवा | स्नातकोत्तर तह | अधिकृतस्तर छैटौं | अधिकृत सातौं | स्थानीय सेवाको (गठन तथा संचालन) अध्यादेश २०७९ जारी मिति २०७९/०६/०७ देखी | मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय गण्डकी प्रदेश च. नं. ४७५ (२०७९/८०) मिति२०७९/०६/२५ पत्रको तह वृद्धि गर्दा पालना गर्नु पर्ने विषयहरुको बुदाँ ८ अनुसार। |
| २ | राजु अर्याल | ०२/०७२/०७३ | २०७३/०४/२२ | गैंडाकोट नगरपालिका | २०७३/०५/२० | ईन्जिनियर छैटौं | स्नातकोत्तर तह | अधिकृतस्तर छैटौं | अधिकृत सातौं | स्थानीय सेवाको (गठन तथा संचालन) अध्यादेश २०७९ जारी मिति २०७९/०६/०७ देखी | मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय गण्डकी प्रदेश च. नं. ४७५ (२०७९/८०) मिति२०७९/०६/२५ पत्रको तह वृद्धि गर्दा पालना गर्नु पर्ने विषयहरुको बुदाँ ८ अनुसार। |

कोइराला
प्रमुख
अधिकारी
प्रमुख

गैंडाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गण्डकी प्रदेश, नेपाल २०७३

३. दफा ९ (४) बमोजिम दरबन्दी सहित तह कायम हुने कर्मचारी

| क्रम | कर्मचारीको नाम थर | विज्ञापन नं. | पदपूर्ति समितिवाट सिफारिस मिति | सिफारिस भएको स्थानीय तह\कार्यालय | शुरु नियुक्ति मिति | सेवा, समूह, उपसूमह, | शैक्षीक योग्यता | नियुक्तिका बखत कायम भएको दरबन्दी | हाल कायम हुने दरबन्दी तथा पद | निर्णय लागु हुने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | थम बहादुर थापा | ०६/०७२/०७३ | २०७३/०४/३० | गैंडाकोट नगरपालिका | २०७३/०५/०३ | स्थानिय सेवा प्रशासन | स्नातक | चौथो तह | पाँचौ तह | नगर कार्यपालिकाको निर्णय मिति २०७९\०८\०६ | |
| २ | आरती लामिछाने | ०५/०७२/०७३ | २०७३/०४/३० | गैंडाकोट नगरपालिका | २०७३/५/०३ | स्थानिय सेवा प्रशासन | स्नातक | चौथो तह | पाँचौ तह | नगर कार्यपालिकाको निर्णय मिति २०७९\०८\०६ | |
| ३ | मनिरत्न सापकोटा | ०१/०६४/०६५ | २०६४/०९/२० | गैंडाकोट आदर्श गा.वि.स. | २०६४/०९/२७ | स्थानिय सेवा प्रशासन | स्नातक | चौथो तह | पाँचौ तह | नगर कार्यपालिकाको निर्णय मिति २०७९\०८\०६ | |

४. दफा २८ ( १) बमोजिम तह वृद्धि हुने कर्मचारी

| क्र म | कर्मचारीको नाम थर | नियुक्ति वा बढुवा भएको कार्यालय | शुरु नियुक्ति / बढुवा भएको मिति | सेवा, समूह, उपसूमह, | शैक्षीक योग्यता | नियुक्ति/ बढुवा हुदाँका बखत कायम भएको दरबन्दी | हाल तह बृद्धि पद | सेवा अवधि | पछिल्लो पाचँ वर्षको औषत का. स .मु. नं | पछिल्लो पाचँ वर्षको औषत का.स.मू.को प्रतिशत | निर्णय लागु हुने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | चन्द्र प्रसाद भुसाल | यान्त्रीक कार्यालय, भरतपुर चितवन | २०७२/०३/२३ | स्थानिय सेवा प्रशासन | स्नातक | पाचौं | छैटौं | ७ वर्ष | ४० | १०० % | नगर कार्यपालिकाको निर्णय मिति २०७९\०८\०६ | |

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | पदम प्रसाद अधिकारी | जिल्ला प्रशासन कार्यालय | २०७४/०३/२८ | स्थानिय सेवा प्रशासन | स्नातक | पाचौं | छैटौं | ५ वर्ष | ४० | १००% | नगर कार्यपालिकाको निर्णय मिति २०७९।०८।०६ | |
| ३ | सृजना पौडेल | गैंडाकोट नगरपालिका | २०७३/०५/०१ | स्थानिय सेवा प्रशासन | स्नातक | पाचौं | छैटौं | ६ वर्ष | ४९.५ | ९९% | नगर कार्यपालिकाको निर्णय मिति २०७९।०८।०६ | |
| ४ | सुवाश पौड्याल | गैंडाकोट नगरपालिका | २०७३/०५/०५ | स्थानिय सेवा प्रशासन | स्नातक | पाचौं | छैटौं | ६ वर्ष | ४९.५ | ९९% | नगर कार्यपालिकाको निर्णय मिति २०७९।०८।०६ | |
| ५ | शंकर कंडेल | गैंडाकोट नगरपालिका | २०७३/०५/०१ | स्थानिय सेवा प्रशासन | स्नातक | पाचौं | छैटौं | ६ वर्ष | ४९.५ | ९९% | नगर कार्यपालिकाको निर्णय मिति २०७९।०८।०६ | |

## ५. दफा(४०) उपदफा १ र २ अनुसार स्तरवृद्धि हुने कर्मचारी

| क्र म | कर्मचारीको नाम थर | नियुक्ति भएको कार्यालय | शुरु नियुक्ति भएको मिति | सेवा, समूह, उपसूमह, | शैक्षीक योग्यता | नियुक्ति हुदाँका बखत कायम भएको दरबन्दी | हाल तह बृद्धि पद | सेवा अवधि | निर्णय लागु हुने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कोशलनाथ सापकोटा | श्री मुकुन्दपुर नमूना गा.वि.स.को कार्यालय | २०६४/१०/२ | श्रेणिविहिन/ कार्यालय सहयोगी | | कार्यालय सहायक प्रथम तह पियन पद | सहायक प्रथम तह (तृतियस्तर) | १४ वर्ष | नगर कार्यपालिकाको निर्णय मिति २०७९।०८।०६ | |

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ति कोइराला
नगर उप-प्रमुख

[illegible] भक्त अधिकारी
नगर प्रमुख